क्षेत्रीय अखबार
# पश्चिम नेपाल
-वर्ष: २०, अङ्क: ४१, २०८२ साउन ९ गते शुक्रबार (25 Jul., 2025) -मूल्य: रु. ५।-, -पृष्ठ ४
सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका
दैनिक

रमाईलो®
तपाईंको स्वास्थ्यको साथी
मैदा
बेकरी, म:म: र नुडल्स को लागी न.१
RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011

### महाकाली सिचाँइ तेस्रो चरण:
# नहर बन्यो पानी आएन

**-पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ साउन**

महाकाली सिँचाइ आयोजना तेस्रो चरणको ब्रह्मदेवदेखि शुक्लाफाँटा नगरपालिकाको फुलेलीसम्म २८ किलोमिटर मूल नहर निर्माण भएको वर्षौं भइसक्यो ।

फुलेलीदेखि कैलालीको गोदावरीसम्म थप २० किलोमिटर निर्माणाधीन अवस्थामा छ। मूल नहर निर्माण भएको २८ किलोमिटरमा २२ वटा शाखा नहरमध्ये आधा निर्माण भइसकेका छन् । उक्त क्षेत्रमा तीन हजार हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा उपलब्ध गराउने संरचना तयार भए पनि भारतले टनकपुरबाट नहरमा पानी नछोड्दा नहरबाट यहाँका किसानले सिचाँइ सुविधा पाउन सकेका छैनन् ।

टनकपुर ब्यारेजबाट भारतीय पक्षले पानी नछाड्दा किसानको खेतमा पानी पुग्न नसकेको हो। उक्त नहर निर्माण भएर परीक्षणसमेत भइसकेको अवस्थामा भारतीय पक्षले आनाकानी गर्दा पानी सञ्चालन हुन सकेको छैन । चार वर्षअघि उक्त नहर परीक्षणको क्रममा टनकपुरबाट आएको पानीले धान दिवससमेत मनाइएको थियो । त्यसपछि भने नहरमा पानी आउन सकेको छैन ।

'नहरमा पानी आयो भने किसानको तीन हजार हेक्टर खेतमा पुऱ्याउन सकिन्छ', महाकाली सिँचाइ आयोजना तेस्रो चरणका आयोजना निर्देशक डा.योगेन्द्र मिश्रले भने,'तीन हजार हेक्टरमा संरचना तयार छन्, महाकालीबाट पानी आएको अवस्थामा थप पाँच हजार हेक्टरमा सिँचाइ सुविधा पुग्छ ।' उनले टनकपुरबाट पानी छाड्नका लागि थुप्रै प्रयास भए पनि नेसनल हाइड्रोपावर कर्पोरेसन (एनएचपीसी) ले पानी छाड्न नमानेको बताए । एनएचपीसीले माथिल्लो तहबाटै उद्घाटन गरेर मात्रै पानी छाड्न सकिने बताउँदै आएको छ । 'दिल्लीको आदेश आउनेबित्तिकै पानी छाड्छौ भन्ने जवाफ एनएचपीसीका कर्मचारीले दिने गरेका छन', उनले भने, 'यस विषयमा हामीले विभागमा समेत जानकारी गराइसकेको छौं ।' दुवै देशका प्रधानमन्त्रीले संयुक्त रुपमा उक्त आयोजनाको उद्घाटन गरेपछि मात्रै नहरमा पानी आउने अवस्था बनेको छ । आगामी भदौमा प्रधानमन्त्री केपी शर्मा ओलीको भारत भ्रमण तय भएको छ। उक्त भ्रमणका क्रममा यो विषयले प्राथमिकता पाउन सके नेपालले महाकाली सन्धिअनुसारको पानी महाकाली नदीबाट पाउने छ। नहरमा पानी सञ्चालन हुन सके निर्माण कम्पनीलाई पनि कामको गति बढाउन दबाब पुग्ने आयोजना निर्देशक मिश्र बताउछन् 'अहिले जग्गा अधिग्रहण गर्दा पनि नहरमा पानी आएको छैन भन्ने जवाफ आउँछ',उनले भने, 'नहरमा पानी सञ्चालन हुन सकेमा खेतमा सिँचाइ हुने आसमा यी समस्याको समाधान पनि हुने थियो ।' उनले आगामी तीन वर्षभित्रमा ब्रह्मदेवदेखि कैलालीको गोदावरीसम्मको मुल नहर निमार्ण सम्पन्न गरि पाँच हजार हेक्टरमा सिचाँइ पुगाउने गरि काम भइरहेको बताए ।

'यहाँ जग्गाको मुख्य समस्या छ, यहाँका नागरिकले मुआब्जा रकम बढी दाबी गर्ने गरेका छन्, नहर बनाउनुपर्ने स्थानमा ऐलानी जग्गा छ, मुक्त कमैयाको जग्गा छ', उनले भने, 'जग्गा र वनको समस्याले आयोजनाको काममा ढिलाइ हुँदै आएको छ ।'

महाकाली सन्धिमा सम्झौता भएको छ महिनाभित्र नहर निर्माण सम्पन्न गरिसक्नुपर्ने भए पनि सम्झौताको ३० वर्षसम्म नेपालले पाउनुपर्ने पानी नपाएको महाकाली सन्धिका जानकार विष्णु अवस्थीले बताए । 'सन्धि सम्झौता भएको तीन दशकसम्म पनि नेपालले पानी पाउन सकेको छैन, यसमा सरकार गम्भिर भएर लाग्नुपर्छ',उनले भने, 'यस पटक प्रधामन्त्रीको भ्रमणमा यो विषयले प्राथमिकता पाउनुपर्छ नेपालले सन्धि सम्झौता अनुसारको पानी पाउनुपर्छ ।' नेपालतर्फ नहरका संरचना तयार भए पनि सरकारको तर्फबाट पहल नपुग्दा यहाँका किसानको खेतमा पानी पुग्न नसकेको उनले जानकारी दिए। उनले सन्धि सम्झौता अनुसार टनकपुर ब्यारेजबाट हिउँदमा ३०० क्यूसेक र बर्षातमा एक हजार क्यूसेक पानी पाउनुपर्ने बताए ।

आर्थिक वर्ष २०६३/६४ देखि सुरु भएको महाकाली सिँचाइ तेस्रो चरणको आयोजनाका लागि सुरुवातदेखि नै प्रयाप्त बजेट नहुँदा निमार्ण कार्यले गति लिन सकेनको थिएन। सरकारले आर्थिक वर्ष २०७६/७७ मा राष्ट्रिय गौरवको आयोजनामा समावेश गरेपछि निमार्ण कार्यले गति लिएको थियो । लक्ष्यअनुसार मुल नहरसहित १५१ किलोमिटर नहर निमार्ण भएपछि कैलाली र कञ्चनपुरको ३३ हजार ५२० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुग्नेछ । आयोजनाका अनुसार हालसम्म रु नौ अर्ब बजेट खर्च भइसकेको छ । चालु आर्थिक वर्षमा पनि आयोजनाका लागि करिब रु दुई अर्ब बजेट विनियोजन भएको छ। कञ्चनपुर मा हाल महाकाली सिचाँइ आयोजना पहिलो र दोस्रो चरणबाट ११ हजार ६०० हेक्टर क्षेत्रफलमा सिचाँइ सुविधा उपलब्ध छ ।

विसं २०४२ मा सुरु भई २०४८ मा सम्पन्न भएको महाकाली सिचाँइ पहिलो चरणबाट चार हजार ८०० हेक्टर र २०५२ मा सम्पन्न भएको दोस्रो चरणबाट छ हजार ८०० हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुगेको छ । पहिलो र दोस्रो चरणको सिचाँइबाट यहाँको भीमदत्त र बेदकोट नगरपालिका तथा बेलडाँडी गाउँपालिकासम्म सिचाँइ सुविधा उपलब्ध छ। महाकाली सिचाँइ तेस्रो चरणको काम सम्पन्न भए कैलाली र कञ्चनपुरको ३५ हजार हेक्टरमा सिचाँइ सुविधा पुग्नेछ।



### बाजुरा जीप दुर्घटना
# घाइतेलाई सेनाको हेलिकप्टर मार्फत उद्धार

**-पश्चिम नेपाल संवाददाता**
**बाजुरा, ८ साउन**

जिल्लाको हिमाली गाउँपालिकामा आज बिहान क्युडी गाउँबाट कवाडी आउँदै गर्दा जीप दुर्घटनामा परी घाइते भएका १३ जनाको नेपाली सेनाको हेलिकप्टरमार्फत उद्धार गरिएको छ ।

सोही गाउँपालिका-५ क्युडीबाट वडा कार्यालय कवाडीतर्फ आउने क्रममा कच्ची सडक र क्षमताभन्दा बढी यात्रु बोकेर आएको बा प ०३-००१ ज ०३३८ नम्बरको जीप अनियन्त्रित भई दुर्घटना भएको थियो। दुर्घटनामा परी दुई जनाको घटनास्थलमा र एक जनाको उद्धारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक देवबहादुर चौधरीले जानकारी दिए ।

जीप दुर्घटनामा परी घाइते भएका जीप चालक २३ वर्षीय गौरी बुढा, सोही गाउँपालिका-५ बस्ने ३५ वर्षीय बाँचलाल रोकाया, ७० वर्षीया भदौरी रोकाया, २२ वर्षीय बाँचधन रोकाया, ४५ वर्षीय वीरबहादुर रोकायालाई नेपाली सेनाको हेलिकप्टर मार्फत कर्णाली प्रदेशको प्रादेशिक अस्पताल सुर्खेत लगिएको जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी शितलबहादुर रावलले बताए । उनले एकै पटक सबै घाइतेलाई लैजान सम्भव नभएकाले पटकपटक गरेर सबैलाई उद्धार गरी थप उपचारका लागि हेलिकप्टरमार्फत सुर्खेत लगिएको बताएका छन् । दुर्घटनामा परी ७६ वर्षीया विजौरा रोकाया र ७५ वर्षीया बाँचकला रोकायाको घटनास्थलमै मृत्यु भएको प्रहरी निरीक्षक चौधरीले जनाउँदै उद्धारका क्रममा ३५ वर्षीया जुनेली रोकायाको मृत्यु बताए । दुर्घटनापछि हिमाली गाउँपालिकाले घाइतेको उद्धारका लागि एम्बुलेन्स र स्वास्थ्यकर्मी परिचालन गरिएको जनाएको छ ।

Admissions Open
Class 11 Admissions open
+2 Science Commerce




रेडियण्ट मा.वि.को भर्ना सम्बन्धी सूचना

२०८१ सालको एसईई परीक्षामा उत्तीर्ण हुनु भएका सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाईका साथै उज्वल भविष्यको शुभकामना व्यक्त गर्दै सुदूर पश्चिमाञ्चल क्षेत्रकै अग्रणी शिक्षण संस्था **रेडिएण्ट मा.वि.**मा शैक्षिक सत्र २०८१/०८२ का लागि **विज्ञान** (Science) तथा **वाणिज्य** (Commerece) तर्फ कक्षा ११ मा तपशिल बमोजिमको कार्यक्रम अनुसार भर्ना खुलेको विषय सम्बन्धित सबै विद्यार्थी तथा अभिभावक वर्गमा सहर्ष जानकारी गराइन्छ ।

Admission Open
+2 Science
and
Commerce
Radiant Higher
Secondary
School
Mahendranagar,
Kanchanpur
Phone No.
099-525169
Website :
www.radianths.edu.np

१) **भर्ना मिति** : श्रावण ४ गतेदेखि श्रावण ९ गतेसम्म ।
२) **अभिमूखिकरण कार्यक्रम** (Orientation Program) :**२०८२ श्रावण १० गते बिहान ८ बजे**
३) **कक्षा सञ्चालन**: २०८२ श्रावण १२ गते दिउँसो १२:२० बजेदेखि
४) **व्यवस्थापन पढ्ने विद्यार्थीहरुलाई यो वर्ष आकर्षक छुट रहनेछ ।**

रेडिएण्ट उच्च माध्यमिक विद्यालय
महेन्द्रनगर, कञ्चनपुर, फोन नं.: ०९९-५२५१६९, ०९९-५२०९९२

# सब्बलको भरमा चट्टान फुटाएर घोरेटो बाटो निर्माण

–पश्चिम नेपाल संवाददाता
दार्चुला, ८ साउन

नेपाल-भारत सीमा भएर बग्ने महाकाली नदीमाथि व्याँस गाउँपालिकाका युवाले चट्टान फुटाएर अहिले मानिस हिँड्न घोरेटो बाटो बनाएका छन् ।



व्याँसको वडा नम्बर १ र २ जोड्ने पैदल बाटो नभएपछि स्थानीयले चट्टान फोडेर बाटो बनाएका हुन्। महाकाली नदीको छेउको ठाडो चट्टान फोडेर आफ्नै भूमिमा पाइला टेक्न सकिने बाटो व्याँसका युवाले ज्यानको बाजी राखेर बनाएका छन् । व्याँस-२ का युवा जनकसिंह धामीको नेतृत्वमा यो काम भएको हो । व्याँस-१ को छाङ्गरु र तिंकर तथा वडा नम्बर २ को दुम्लीङ कल्जु गाउँ जोड्न स्थानीयले घोरेटो बाटो बनाएका हुन् ।

गाउँ जानुपर्दा जहिल्यै भारतको बाटो हिँड्नुपर्ने र भारतीय प्रहरीको अनुमति विना गाउँ जान नसकिने भएपछि यहाँका स्थानीयले यो अवस्थाको अन्त्यका लागि यस्तो जोखिम उठाएर बाटो बनाएको धामीले बताए । 'यो बाटोले दुई  वडामात्र होइन्, देशको भूगोल समेत जोडेको छ, यो बाटोमा जोखिमपूर्ण काम गरेवापत मजदुरले दैनिक रु एक हजारदेखि रु एक हजार ५०० ज्याला लिए', उनले भने ।

व्याँसका दुई वडा जोड्ने परम्परागत घोरेटो बाटो भत्किएका कारण यो क्षेत्रमा आवतजावत ठप्प थियो। महाकाली नदी किनारैकिनार पैदल बाटो रहेकामा भारतले निर्माण गरेको सडकका कारण पूरै नदीको धार नेपालतर्फ आउँदा बाटो भत्किएपछि नेपालका दुई गाउँ जान बाटो थिएन। बाटो भत्किएपछि सुदूरपश्चिम प्रदेश सरकारले २०७७ सालमा नेपाली सेनाको सहयोगमा ४५० मिटर घोरेटो बाटो खोलेको थियो । त्यो बाटो एक वर्ष पनि टिकेन ।

सबैभन्दा कठिन भूगोल रहेको 'थी भीर' क्षेत्रको पैदल बाटो बनाउने जिम्मेवारी पाएका धामीसँग गाउँका ४३ युवाको साथ थियो। उनले  भने, 'ज्यानको मायाभन्दा मातृभूमि र राष्ट्रको माया बढी भएरै बाटो बनाएका छौं, सबैले सहयोग नगरेको भए यस वर्ष पनि बाटो बन्न सम्भव थिएन ।' घोरेटो बाटोमा काम गरेका उज्जवलसिह महता बाँदर नचढ्ने भीरमा डोरी लगाएर काम गर्दा पनि अप्ठ्यारो महशुस नभएको बताउँछन् । 'एकातिर कडा चट्टान थियो, तल हेर्दा पूरै महाकाली नदीले हानिरहेको, थोरै गल्ती भएको भए सक्कियो, काम गर्ने बेलाको समय सम्झिँदा अहिले पनि आङ जिरिङ हुन्छ', उनले भने।

सडक पहुँच नभएकाले दार्चुलाको छाङ्गरु र तिंकर गाउँ पुग्न भारतको बाटो प्रयोग गर्नुपर्ने बाध्यता रहेको तीन दशक भएको थियो । अहिले सबै क्षेत्रमा बाटो निर्माण भइरहेको छ । थोरै भए पनि राहत महशुस भएको बाटो निर्माणमा खटिएका डम्मरसिंह धामीको भनाइ छ ।

'परम्परागत बाटोको नाम निसाना मेटिएको थियो, पूरै कडा चट्टान डोरीमा अड्किएर काम गरिया', धामीले भने, 'यो बाटो खुलेपछि व्याँसको वडा नम्बर १ को छाङ्गरु तथा तिंकर र वडा नम्बर २ को दुम्लीङ गाउँ घोरेटो बाटोले जोडेको छ', उनले भने ।

गाउँपालिकाले बोलपत्र आबहान गरेर बाटो बनाएको हो । बाटो निर्माणको जिम्मा मिसन-देवहरी जेभी निर्माण कम्पनीले गरेको हो । कुल रु पाँच करोड छ लाख नौ हजार ९९४ लागतमा घोरेटो बाटो निर्माणको ठेक्का पाएकामा असार मसान्तसम्म ८५ प्रतिशत निर्माण कार्य सम्पन्न भएको निर्माण व्यवसायी केशवबहादुर पालले बताए । 'निकै जोखिमपूर्ण क्षेत्रमा काम थियो', निर्माण व्यवसायी पालले भने, 'तै पनि मजदुरले रातदिन काम गरेर यत्ति प्रगति भयो ।'

निर्माण कार्य नसकिएको भन्दै आगामी मङ्सिर १५ गतेसम्म म्याद थप गरिएको छ । अहिले अपि खोला लगायतका क्षेत्रमा पुल निर्माण र बाटो मर्मतको काम चलिरहेको निर्माण व्यवसायी पालले बताए । मजदुर लगाएर अहिले पनि थी भीरभन्दा माथिल्लो क्षेत्रमा काम चलिरहेको छ। व्याँसवासीलाई आफ्नै बाटो हिँडाउने गरी बाटोको काम भइरहेको उनको भनाइ छ ।

गाउँपालिकाका सबइन्जिनियर जगतसिंह डडालका अनुसार हालसम्म घोरेटो बाटो निर्माणमा रु चार करोड १३ लाख ३३ हजार २०१ खर्च भइसकेको छ । निर्माण कम्पनीले व्याँसको वडा नम्बर २ र १ मा पर्ने तम्बाकु, माल्पा, घाटीबगड, बयाली, दोपखे, पोला, गिरकिस्से, बुदी अपिखोला र कुन्तीसाउसम्म २० किलोमिटर बाटो निर्माण तथा मर्मत गरेको छ ।

त्यसअनुसार घोरेटो बाटोमा ६५० घनमिटर मेसनरी वाल, ५७७ घनमिटर ड्राइ वाल, ७२ घनमिटर स्टोन वाल, ५०० घनमिटर पलम कंकृट र २० घनमिटर (८५ मिटर) आरसिसि ढलान गरिएको छ। दोपाखे, अपिखोला र कुन्तीसाउमा छ मिटर लम्बाइ स्पानका तीन वटा आरसीसी पुल निर्माण गरिएको डडालले बताए ।










## महाकाली बहुप्राविधिक शिक्षालय कञ्चनपुर

## भर्ना सम्बन्धि सूचना

CTEVT, भीमदत्त नगरपालिका र महाकाली प्रादेशिक अस्पतालको साझेदारीमा सञ्चालित सुदूरपश्चिम प्रदेश भरिका टिभेट (CTEVT) संस्थाहरुमध्येबाट नमूना शिक्षालयका रुपमा छनौट भएको यस महाकाली बहुप्राविधिक शिक्षालयमा शैक्षिक सत्र २०८२/०८३ का लागि प्रमाण पत्र तह समान्य चिकित्सा (HA), अप्थाल्मिक साइन्स(OA), मेडिकल ल्याब टेक्नोलोजी(CMLT) र डिप्लोमा इन फार्मेसी कार्यक्रमहरुमा तपशिल अनुसार भर्ना खुलेको सहर्ष जानकारी गराइन्छ ।

**भर्ना कार्यक्रम**

Online बाट आवेदन फाराम भर्न सुरु (२०८२ साउन ५ गतेदेखि
Online बाट फाराम भर्ने अन्तिम मिति  (२०८२ साउन २६ गतेसम्म
Online आवेदनका लागि www.ctevt.org.np अर्न्तगत online application form मा Click गरी प्राप्त निर्देशन अनुसार फाराम भर्न सकिनेछ ।

**नोट** : Online आवेदन फाराम शिक्षालयमा आएर निःशुल्क रुपमा भर्न सकिनेछ ।

**सिट संख्या**

मेडिकल ल्याब टेक्नोलोजी ३० जना, समान्य चिकित्सा ४० जना, डिप्लोमा इन फार्मेसी ४० जना अप्थाल्मिक साइन्स ४० जना, (१) Net बाट Print गरी सम्बन्धित विद्यालयबाट प्रमाणित गरिएको SEE Grade Sheet , (२) चारित्रिक प्रमाणपत्र सक्कलको स्क्यान कपी
(३) जन्म दर्ता वा नागरिकता प्रमाणपत्र सक्कलको स्क्यान कपी
(४) सरकारी विद्यालयबाट अध्ययन गरेको भए सरकारी विद्यालय हो भनि प्रमाणित सक्कल स्क्यान कपी, (५) हालसालै खिचिएको ३५ बाई ४५ mm को फोटो
(६) लक्षित वर्गमा आवेदन सम्बन्धित वर्ग खुल्ने कागजतपत्र सक्कलको स्क्यान कपी

**सम्पर्क महाकाली बहुप्राविधिक शिक्षालय**
भीमदत्त नगरपालिका ४ महेन्द्रनगर, कञ्चनपुर
फोन नं. : ०९९(५९००४४,९८४८७२०२४७,९८४८७२६८६५



# नेपाल–भारत गृह सचिवस्तरीय बैठक : सिमापार अपराध नियन्त्रण सहकार्यमा जोड

**–पश्चिम नेपाल संवाददाता**
**काठमाण्डौं, ८ साउन**

नेपाल-भारतबीचको गृह सचिवस्तरीय बैठकले दुई देशबीच पारस्परिक कानुनी सहायता सम्झौताको मस्यौदामा सहमति जुटाएको छ। दुवै देशका सरकारले उक्त मस्यौदालाई स्विकार्ने निर्णय गरेपछि उच्च तहमा सम्झौतामा हस्ताक्षर हुनेछ।

पारस्परिक कानुनी सहायता सम्झौता नहुँदा आपराधिक क्रियाकलापमा रोक्नलाई दुवै देश कानुनी र औपचारिक रूपमा सहकार्य गर्न पाइरहेका छैनन् । सम्झौता भएपछि अन्तरदेशीय अपराध नियन्त्रणमा सहयोग पुग्ने छ ।

दिल्लीमा बुधबार सम्पन्न गृह सचिवस्तरीय बैठकले सम्झौताका लागि तयार गरिएको मस्यौदालाई टुंग्याएको हो। बैठकमा सहभागी गृह मन्त्रालयका प्रवक्ता सहसचिव रामचन्द्र तिवारीले प्राविधिक तहमा मस्यौदामा सहमति जुटिसकेको बताए। पारस्परिक कानुनी सहायता सम्झौताको मस्यौदामा सहमति जुटाएको बैठकले सुपुर्दगीसम्बन्धी सन्धिका लागि सहमति जुटाउन सकेन। त्यसबारे आगामी दिनमा थप छलफल गर्दै जाने बैठकको निष्कर्ष छ।

भारतको प्रेस इन्फर्मेसन ब्युरोद्वारा जारी वक्तव्यमा बैठकले पारस्परिक कानुनी सहयाता सम्झौताको मस्यौदालाई अन्तिम रूप दिन सकेकोमा स्वागत गरिएको छ। साथै, सुपुर्दगी सन्धिको कार्य पनि यथाशीघ्र पूरा गर्ने दिशामा काम गर्ने बैठकमा सहमति भएको वक्तव्यमा उल्लेख छ । गृह सचिवस्तरमा ९ वर्षपछि बैठक भएको हो। सीमा वारपार हुने अपराध नियन्त्रणकै दिशामा बैठक मुख्यरूमा केन्द्रित भएको गृह प्रवक्ता तिवारीले



बताए। 'बैठक अत्यन्तै सौहार्दपूर्ण रूपमा समापन भएको छ । दुवै पक्षका साझा सुरक्षा चुनौती र समस्याहरूबारे छलफल भयो,' उनले भने, 'सिमापार अपराध नियन्त्रणका लागि सहकार्यमा जोड दिन, सूचना आदानप्रदानलाई बढाउने विषयहरूमा छलफल भएको हो।' प्रकृति प्रकोपजस्ता विपतको पूर्वजानकारीसम्बन्धी सूचना आदनप्रदान गर्ने, 'ह्युमन ट्राफिकिङ', नक्कली नोट तथा लागुऔषधको कारोबारलाई कडाईका साथ नियन्त्रण गर्न दुवै देशका अधिकारीहरू सहमत भएका छन् । बैठक स्रोतका अनुसार विभिन्न खालका अपराध नियन्त्रणका लागि 'इन्टेलिजेन्स शेयरिङ'लाई बढाउने विषयलाई दुवै देशले प्राथमिकता दिने जनाएको छ।

त्यस्तै, सीमा क्षेत्रमा निगरानी बढाउने, भत्के बिग्रेका सीमा स्तम्भहरूको मर्मत सक्ने तथा जिल्ला तहमा रहेका 'बोर्डर कोर्डिनेसन कमिटी' बैठकहरू बढाउने विषयमा बैठक सहमत देखिएको छ। तेस्रो देशका नागरिकको अवैध आवागमन रोक्न, सिमानामा आवश्यकअनुसार संयुक्त सुरक्षा गस्ती गर्नेलगायतका विषयमा छलफल भएका छन्। नेपाल हुँदै तेस्रो देशका नागरिक अवैध तरिकाले भारत पस्ने गरेको तर्फ भारतीय अधिकारीको विशेष चासो थियो । पछिल्लो पटक ८ जना चिनियाँ नागरिक अवैध तरीकाले भारत प्रवेश गर्दै गर्दा पक्राउ परेका छन् । त्यस्तै, पाकिस्तानी नागरिक नेपाल हुँदै भारत प्रवेश गर्नेमा पनि पनि भारती अधिकारीको हरेक जसो बैठकमा चासो रहँदै आएको छ। अहिले पनि ति चासो र चिन्ता प्रकट भएको बैठक स्रोतले बतायो । 'त्यो चासो उनीहरूको मात्रै थिएन, हाम्रो पनि थियो,' ती अधिकारीले भने, 'रोहिंग्या र भुटानी शरणार्थी अवैध तरिकाले भारत हुँदै नेपाल प्रवेश गरेका उदाहरण छन् । त्यही भएर त्यो विषयलाई हामीले पनि उत्तिकै प्राथमिकताले उठाएका छौं ।' सिमानामा भएको अतिक्रमण हटाउने, पूर्वाधारको स्तरीकरण बढाउने, भारतीय सहयोगमा बन्दै गरेका एकीकृत जाँच चौकीहर वा क्रस बोर्डर कनेक्टिभिटीका विभिन्न परियोजनाहरूलाई गति दिने दिशामा छलफल भएको छ ।

भारतीय प्रेस इन्फर्मेसन ब्युरोद्वारा जारी वक्तव्यमा दुवै पक्षबीच सुरक्षा सहयोग, सीमा प्रबन्धसहित सबै खालका सहकार्यलाई थप बलियो बनाएर जाने सहमति भएको जनाइएको छ। सीमा स्तम्भको मर्मत रेखदेख, दुई देशबीच सडक र रेल नेटवर्कलाई बलियो बनाउने, सुरक्षा निकायको सशक्तिकरण र क्षमता विकास लगायतमा सहकार्य गर्ने मुद्दामा बैठकमा छलफल भएको जनाइएको छ ।

नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गृह सचिव गोकर्णमणि दुवाडी र भारतीय पक्षको नेतृत्व त्यहाँका गृह सचिव गोविन्द मोहनले गरेका थिए ।

# शारदा विद्यापिठमा बन्दै परीक्षा भवन, उपकुलपति नेपालले गरे शिलान्यास

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ साउन**

नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा.डा.धनेश्वर नेपालले बिहीबार शारदा विद्यापिठमा परीक्षा भवन शिलान्यास गरेका छन्। सुदूरपश्चिम प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको सहयोगमा परीक्षा भवन बनाउन लागिएको छ । प्रदेश सरकारले यसका लागि २५ लाख बजेट सहयोग गरेको थियो ।

विद्यापिठका प्राचाई हरिलाल जोशी सहित प्राध्यापकहरुको उपस्थितिमा उपकुलपति नेपालले भवन शिलान्यास गरेका छन्। परीक्षा भवनमा एक सय विद्यार्थी अटाउने क्षमता छ। यो भवन बनेपछि विद्यापिठमा दुई ओटा परीक्षा भवन हुने छन् । यस एक सय विद्यार्थी अटाउने क्षमताको अर्को भवन छ ।

विद्यापिठमा पर्याप्त परीक्षा नभएपछि विद्यार्थीहरुका लागि अन्यत्र परीक्षा केन्द्र बनाउनु पर्ने बाध्यता भएकाले प्रदेश सरकारको सहयोगमा भवन बनाउन लागिएको प्राचार्य जोशीले बताए। 'हामीसित यो भवन बनेपछि दुई ओटा हुने छन्, तर यी दुई भवन पनि पर्याप्त हुने छैन' प्राचार्य




जोशीले भने,'विद्यार्थी संख्याका आधारमा परीक्षा भवन कम छन्, अन्यत्र लगेर परीक्षा केन्द्र बनाउनु पर्ने बाध्यता छ ।' विद्यापिठमा हाल शास्त्री र एक वर्षे बिएडको पठनपाठन हुने गरेको छ। विद्यापिठका अनुसार शास्त्री र एक वर्षे बीएडमा सात सय विद्यार्थी अध्ययनरत छन् । क्याम्पस भवन नहुँदा कञ्चन विद्या मन्दिरसित सहयोग लिएर परीक्षा सञ्चालन हुँदै आएको प्राचार्य जोशीले बताए ।

'कञ्चनले हामीलाई नि:शुल्क रुपमा भवन दिएर सहयोग गर्दै आएको छ' उनले भने,'यसका लागि हामी कञ्चनलाई धन्यवाद दिन चाहन्छौ ।'

प्राचार्य जोशीले उपकुलपति नेपाललाई विद्यापिठमा परीक्षा सञ्चालन गर्न सकिने भवन बनाउनका लागि सहयोग गर्न आग्रह गरे ।


## उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि.
## महेन्द्रनगर, कञ्चनपुर

## वार्षिक साधारण सभा सम्बन्धि सूचना

यस उदयदेब बहुउद्देश्यीय सहकारी संस्था लि. को २७ औं वार्षिक साधारण इकाईगत साधारण सभा तपशिलको मिति तथा स्थानमा हुने भएकाले शेयर सदस्यज्यूहरुलाई उपस्थितिका लागि हार्दिक आमन्त्रण गर्दछौ ।

**साधारण सभाका विषयहरू**

(१) संस्थाको सञ्चालक समिति २०८१/०८२ को वार्षिक प्रतिवेदन
(२) आ.व. २०८१/०८२ को वार्षिक लेखा परीक्षण प्रतिवेदन
(३) संस्थाको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन
(४) आ.व. २०८२/०८३ को वार्षिक बजेट, कार्यक्रम, मिति स्वीकृत गर्ने सम्बन्धमा
(५) शेयर लाभाश पारित तथा वितरण सम्बन्धमा
(६) संरक्षित पूजी फिर्ता कोष तथा कर्मचारी बोसन वितरण सम्बन्धमा
(७) आ.व. २०८२/०८३ को लागि लेखा परीक्षक नियुक्ति तथा निजको पारिश्रमिक सम्बन्धमा
(८) कार्यविधि, निर्देशिका पारित गर्ने सम्बन्धमा
(९) बाहृय निकायबाट अनुदान, ऋण स्वीकार गर्ने सम्बन्धमा
(१०) संस्थाको कर्मचारीको दरबन्दी तथा पदपूर्ति गर्ने सम्बन्धमा
(११) संस्थाको बचत तथा कर्जाको ब्याज अनुमोदन गर्ने सम्बन्धमा
(१२) संस्थामा कार्यरत कर्मचारीको सेवा सुविधा थप गर्ने सम्बन्धमा
(१३) संस्थाका लागि आवश्यक पर्ने सवारी साधन, उपकरण खरिद गर्ने सम्बन्धमा
(१४) कृषि प्रवर्द्धन केन्द्रलाई स्तरोन्नति गर्न आवश्यक उपकरण खरिद सम्बन्धमा
(१५) बिउ प्रशोधन केन्द्रका लागि आवश्यक पर्ने गोदाम घर निर्माण गर्ने सम्बन्धमा
(१६) अन्य सहकारी संस्थासंग एकीकरण गर्ने र एकीकरण गर्न कार्यदल गठन गर्ने सम्बन्धमा
(१७) निर्णय प्रमाणीकरणका लागि प्रतिनिधि छनौट गर्ने सम्बन्धमा

| क्र.सं. | मिति | सेवा केन्द्र | समय |
|---|---|---|---|
| १. | २०८२/५/६ | डडेल्धुरा | ११ बजे विहान |
| २. | २०८२/५/७ | बैतडी | १० बजे विहान |
| ३. | २०८२/५/१३ | धनगढी/अत्तरिया | ११ बजे विहान |
| ४. | २०८२/५/२० | कृष्णपुर/झलारी/दैजी | ११ बजे विहान |
| ५. | २०८२/५/२७ | बेलौरी/दोधारा | ११ बजे बिहान |
| ६. | २०८२/६/५ | निर्णय प्रमाणीकरण (केन्द्रीय कार्यालय महेन्द्रनगर | ११ बजे विहान |


# उम्मेदवारी दर्तामा झडपपछि एफयु केन्द्रीय क्याम्पसको तालाबन्दी खुल्यो

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ८ साउन**

उम्मेदवारको मनोनयन दर्ताका विद्यार्थी संगठनबीच झडप भएपछि सुदूरपश्चिम विश्वविद्यालय केन्द्रीय क्याम्पस स्ववियु निर्वाचनको कार्यालयको ताला खुलेको छ । बुधबार उम्मेदवारी दर्ताका क्रममा तालाबन्दीलाई लिएर विद्यार्थी संगठनबीच झडप भएको थियो ।

काँग्रेस सम्बन्द्ध नेपला विद्यार्थी संघले सशोधिन स्ववियु निर्वाचन नियमावली संशोधन लगायतका माग राखेर तालाबन्दी गरेको



थियो । केन्द्रीय क्याम्पस साउन १४ गते निर्वाचन घोषणा गरिएको हो । तीन स्वतन्त्र सहित १० विद्यार्थी संघ संगठन दर्ता भए पनि अझै चुनाव अन्यौलमा छ । नेवि संघ र सुदुरपश्चिम विद्यालयका पदाधिकारीविच बिहीबार वार्ता भएपछि तालाबन्दी खुलेको छ ।

नेवि संघ केन्द्रीय सदस्य ईन्द्र साउदले संघका जिल्ला अध्यक्ष नरेश पण्डितमाथि कुटपिट घटनाको छानबिन, उपचार खर्च, नेवि संघका विद्यार्थीमाथि पेट्रोल छर्किएर आक्रमण गर्न खोजेको घटनाको छानबिनदेखि विद्यार्थीका हकहितका विषयमा विश्वविद्यालय सहमत भएपछि ताला खोलिएको बताए ।

बुधबार अखिल क्रान्तिकारी, अनेरास्ववियु, अखिल समाजवादी, बहुमत क्रान्तिकारी र प्रजातान्त्रिक विद्यार्थी संगठनले निर्धातिर तोकिएको १४साउनमै चुनावको माग गरेका थिए । विश्वविद्यालयमा तीन हजार विद्यार्थी मतदाता छन् ।

केन्द्रीय क्याम्पस निर्वाचन समितिका संयोजक कर्णदेव भट्टले सबै पक्षबाट चुनावका लागि शान्तिपुर्ण वातावरण बनाउनु पर्ने बताए ।







## डेंगीबाट बचौं र बचाऔं ।

**लक्षणः**

❖उच्च ज्वरो आउनु,
❖जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु,
❖आँखाको गेडी दुख्नु,
❖अत्याधिक टाउको दुख्नु,
❖शरीरमा राता बिबिराहरु आउनु,
❖वाकवाकी लाग्नु वा वान्ता हुनु ।

**लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ, त्यसैले:**

❖लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं,
❖घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं,
❖लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं,
❖घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं,
❖सुत्ने बेलामा झुल लगाएर सुतौं,
❖एयर कुलर, पानी ट्यांकी, गमलामा राखिएका प्लेटहरु समयसमयमा सफा गरौं ।

"डेंगीको उपचार भन्दा रोकथाम नै सजिलो उपाय हो"

नेपाल सरकार
विज्ञापन बोर्ड

# Admission Open




SCIENCE
MANAGEMENT
LAW
- ✓ Computer Science
- ✓ Finance
- ✓ Business Studies



- ➢ Ranked as leading and reputed institution.
- ➢ Highly experienced, young, qualified, energetic and dedicated teaching staff.
- ➢ Excellent performance in NEB/HSEB result .
- ➢ Outstanding achievements in MBBS/BE scholarships & CA.
- ➢ The choice of school Toppers.
- ➢ Scholarships for deserving and needy students.
- ➢ Well furnished AC class rooms with CC camera surveillance.
- ➢ Homely teaching learning environment
- ➢ Highly focused on Extra-curricular activities
- ➢ Sophisticated Science, Management, Computer lab & well stocked library.
- ➢ . Multimedia class rooms.
- ➢ Hostel facilities for boys and girls.
- ➢ Transportation facilities.








**Limited Seats**
Science
Management
LAW

## Admission Schedule

# Admission is ongoing

# Little Buddha Secondary School

**Kanchanpur, Phone: 099- 520894, 522594, 521056**

मिडीया नेपालका लागि प्रकाशित पश्चिम नेपाल दैनिक, संस्थापक/सम्पादकः **अशोक प्र. पाण्डेय**, प्रकाशक/प्रधान सम्पादकः **लक्ष्मणदत्त पन्त**, अतिथि सम्पादकः **मेनुका विष्ट 'बस्नेत'**, पुर्व सम्पादकः स्व. **कर्ण बोहरा**, कार्यकारी सम्पादकः **नृगबहादुर शाह**
कार्यालयः गल्ली नं. ५ क्याम्पसरोड, महेन्द्रनगर, फोनः ०९९-५२५६२५,मो.९८४८८८५२४३,९८०१३७९५४३ फ्याक्स ०९९-५२३८४९ इमेलः westnepaldaily@gmail.com, मुद्रकः जगदम्बा छापाखाना गल्ली नं. ३, महेन्द्रनगर, ०९९-५२३९७७